# गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठक
संख्याः..................................

- मितिः २०८२ ~~फागुन~~ चैत्र महिनाको ०६ गते शुक्रबार ।
- समयः ३ : ०० बजे दिउँसो।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा ।

गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँपालिका गाउँ कार्यपालिको बैठ्कमा तपसिलको उपस्थितिमा तपसिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिहरुः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के.सी. | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के.सी. | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के.सी. | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री शालिकराम बस्नेत | सदस्य सचिव | |

आमन्त्रितहरुको उपस्थितिः

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कुल बहादुर योगी | स.प्रशासकीय अधिकृत | |
| 2- | प्रेम न. वली | का.वा. वडाअध्यक्ष का.नं. ८ | |
| | धनमाया वली | कार्यालय सहयोगी | |
| | | | |

छलफलका विषयहरुः-

१ सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ पेश गर्न प्रतिनिधी तोक्ने सम्बन्धमा ।

२ उपभोक्ता समिति मार्फत कार्य गराउने सम्बन्धमा ।

३ पोषण फोकल पर्सन तोक्ने सम्बन्धमा ।

४ रकम ब्रेक डाउन गर्ने सम्बन्धमा ।

५ हिउँदे गाउँसभा संचलान गर्ने सम्बन्धमा ।

निर्णयहरूः

निर्णय नं. १

निवेदक नविन पौडेलले गंगादेव गाउँपालिकालाई विपक्ष बनाई सर्वोच्च अदालतमा रिट नं ०८२-WO-०२४४ मा दायर गरेको निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०९/२९ गते निवेदकको माग बमोजिम आदेश किन जारी नगर्नु पर्ने हो ? सो कारण देखाउ आदेश जारी भएको हुँदा उक्त मुद्धामा लिखित जवाफ पेश गर्न कानुन व्यवसायी मुकरर गर्न, वारिस नियुक्ति गर्न तथा उक्त मुद्धासँग सम्बन्धित सम्पूर्ण कार्य गर्नको लागि रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ७ का रोनी पुनलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. २

निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान अन्तर्गतको बजेटबाट सिद्धार्थ आ.वि. ओइलाम र जनता विकास मा.वि. सुपाटोट्केमा प्रति विद्यालय रु. ७५ लाख विनियोजन भएकोमा विद्यालय व्यवस्थापन समितिले कार्यपालिकामा पेश गरेको निर्णय तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम उपभोक्ता समिति गठन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

गाउँपालिकामा रहेको बहुक्षेत्रिय पोषण कार्यक्रमको संचालन तथा त्यस सम्बन्धी कार्य प्रकृयामा सहजिकरण गर्नको लागि स्वास्थ्य शाखा प्रमुख (जनस्वास्थ्य अधिकृत) सकलदेव यादवलाई पोषण कार्यक्रम फोकल पर्सन तोक्ने निर्यण गरियो ।

## निर्णय नं. ४

गंगादेव गाउँपालिका रोल्पाको हिउँदे अधिवेशनबाट पास गर्ने गरी तपसिलको शिर्षकलाई ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| क्र.सं. | शिर्षक | रकम | विनियोजन शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | विस्तृत परियोजना (डि.पि.आर.) निर्माण | ३० लाख | गा. पा. भित्रका जग्गाहरुको वर्गिकरण वापतको सेवा खरिद | १५ लाख |
| २ | | | विभिन्न अदालतमा गा.पा. को तर्फबाट बहस पैरवी बाफ्तको खर्च | ७ लाख |

## निर्णय नं. ५

गंगादेव गाउँपालिका रोल्पाको आ. व. २०८२/०८३ को हिउँदे गाउँसभा (२० औं गाउँसभा) मिति २०८२/१२/११ गतेको दिन गर्ने निर्णय गरियो ।